नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
(अनुमतिपत्र महाशाखा)

फोन नं. ४५३४११९
४५११५३७
४५१९५०१

फ्याक्स (९७७-१)-४५३९९०३
पोष्ट बक्स नं. २५००७
सानोगौचरण काठमाडौं, नेपाल

पत्र संख्या : ०८२/८३
च. नं. :- ६३८

मितिः २०८२/०७/२५

श्री अर्पण जलविद्युत प्रा.लि.,
काठमाडौं, नेपाल।
फोन नः ९८५१४२२४०१, ९८४९४२२१९९

विषयः विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा ।

प्रस्तुत विषयमा तहाँबाट प्रस्तावित तल्लो ठुलीगाड जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा पेश भएको दरखास्त माथि कारबाही हुँदा निम्न विवरणहरु पेश हुन बाँकी देखिएकोले विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौ संसोधन) को दफा १० को उपदफा (३) को व्यवस्था बमोजिम पैतिस (३५) दिनको समयावधि भित्र सो विवरणहरु पेश गर्नुहुन मिति २०८२।०७।२५ को निर्णयानुसार अनुरोध छ।

१. प्रस्तुत आयोजनाको लागि माग भएको क्षेत्र कर्णाली चिसापानी बहुउद्देशीय आयोजनाको फूल सप्लाई लेभल ४१५ मीटर भित्र पर्ने देखिएकोले उक्त आयोजनाको डुबान क्षेत्रमा नपर्ने गरि आयोजनाको सर्वेक्षण क्षेत्र प्रस्ताव गर्नुहुन।
२. प्रस्तावित क्षेत्रमा आयोजनाको जडित क्षमता १० मे.वा. भन्दा बढी हुने देखिएकोले विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ को दफा १०(२) बमोजिम थप अनुमतिपत्र दस्तुर ।
३. अध्यावधिक डेस्क अध्ययन प्रतिवेदन (प्रत्येक पानामा दुवै परामर्शदाता र प्रवर्द्धकसंस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको)।
४. आयोजनाको प्रमुख संरचना सहित अक्षांश देशान्तर नक्शांकन भएको सक्कल स्थलरूप नक्शा (टोपो)।
५. प्रवर्द्धक कम्पनीको शेयरवाला दर्ता किताबको नोटराइज प्रतिलिपि।
६. प्रवर्द्धकको तर्फबाट सम्पर्क वा पत्राचार गर्न तोकिएको आधिकारिक व्यक्तिको विवरण (यस सम्बन्धमा सञ्चालक समितिको निर्णय), पत्राचार गर्ने स्पष्ट ठेगाना।
७. विभागबाट तोकिएको ढांचामा प्रवर्द्धक कम्पनीको UDIN no समेत खुलेको नेट वर्थ प्रमाण र सो लाई पुष्टि हुने कागजातविवरणहरु।
८. नेट वर्थ तयार गर्ने सिए संस्थाहरुको अध्यावधिक कर चुक्ता प्रमाण पत्र, दर्ता सम्वन्धी कागजात तथा नवीकरण भएको निस्साको नोटराइज गरिएको प्रतिलिपि।

(पोष्टराज पौडेल)
इन्जिनियर